प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

# प्रेस विज्ञप्ति

मिति : २०७७/१/३०

सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यू, सचिवज्यू, स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशकज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट खटिइ आउनुभएका डा. प्रदीप के.सी सहितको टोली, महाशाखा प्रमुख ज्यूहरु, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निमित्त निर्देशकज्यू, विश्व स्वास्थ्य संगठनका प्रतिनिधिहरु लगायत मन्त्रालय अन्तर्गतका कार्यालयका अन्य कर्मचारीहरु सम्मिलित समिक्षा बैठक मन्त्रालयको सभा हलमा सम्पन्न भएको छ। बैठकमा गण्डकी प्रदेश सरकारका तर्फबाट कोभिड – १९ रोकथाम र नियन्त्रणका लागि भए गरेका प्रयासहरु, चुनौतिहरु र सुधार गर्नु पर्ने पक्षबारे छलफल भएको थियो।

आजदेखि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान,पश्चिमान्चल क्षेत्रिय अस्पतालको ओ.पी.डी सेवा सुचारु भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट गण्डकी प्रदेशमा खटिई आउनुभएका डा. प्रदीप के.सी र डा. सन्तोष के.सी ले आज स्वास्थ्य कार्यलय पर्वत र जिल्ला अस्पताल पर्वत तथा धौलागिरी अञ्चल अस्पताल बाग्लुङको निरिक्षण भ्रमण गर्नुभएको छ। सो क्रममा उहाँहरुले जिल्लास्थित अस्पतालहरुको कोभिड–१९ उपचारको पूर्वतयारी तथा जिल्लामा कोभिड–१९ नियन्त्रण र व्यवस्थापनका लागि गरिएको कार्यहरु र चुनौतीका बारेमा जानकारी लिनुभएको थियो।

कोभिड – १९ को रोकथाम, उपचार, व्यवस्थापन एवं Recording/Reporting लगायतका विषयमा स्वास्थ्य कार्यालय स्याङ्जामा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमको अध्यक्षता स्वास्थ्य कार्यलय स्याङ्जाका प्रमुख श्री याम प्रसाद शर्माले गर्नुभएको थियो भने सहजीकरण दिवाकर शर्मा, मोहदत्त ढकाल, शोभाखर ढकाल, सवीन शर्मा लगाएतले गर्नुभएको थियो। कार्यक्रममा स्याङ्जाका सम्पूर्ण स्थानीय तहका सूचना प्रविधि अधिकृत र स्वास्थ्य संयोजकको उपस्थिति रहेको थियो।

अहिलेसम्म गण्डकी प्रदेशमा ७३४ जनाको नमुना संकलन भएको छ जसमा ७२७ जनाको परीक्षण परिणाम नेगेटिभ रहेको छ भने २ जना संक्रमित मध्ये दुवै जना निको भएर घर फर्किसक्नुभएको छ र ५ जनाको परिक्षण परिणाम आउन बाँकी रहेको छ। त्यसैगरी आजसम्म गण्डकी प्रदेशमा ६५२७ जनामा RDT परिक्षण गरिएको छ।

**डा विनोद विन्दु शर्मा**
**निर्देशक**